# भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८३

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७)" को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशले यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि तयार गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो विधिको नाम "**भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८३**" रहेको छ।

(२) यो विधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा,

(क) "आवेदक" भन्नाले यस कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/कृषि सहकारी/कृषक समूह/फार्मलाई सम्झनु पर्दछ।

(ख) "केन्द्र" भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले मधेश प्रदेश स्थित भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

(घ) "निर्देशनालय" भन्नाले मधेश प्रदेश स्थित कृषि विकास निर्देशनालय सम्झनु पर्दछ।

(ङ) "अनुदानग्राही" भन्नाले यस कार्यक्रमका लागि छनौट भएका कृषक/कृषि सहकारी/कृषक समूह/फार्मलाई सम्झनु पर्दछ।

३. उद्देश्य : इनार वा ३ वा ४ इन्च ब्यास सम्म वा कार्यक्रममा तोकिए बमोजिमको ब्यासको स्यालो ट्यूववेलबाट विद्युतिय समरसिबल पम्प/सरफेश पम्प/सोलार पम्प/सौर्य सिंचाई प्रयोग गरी कृषि क्षेत्रका लागि आवश्यक सिंचाई/जल आपूर्ति गर्न अन्य वैकल्पिक स्रोत नभएको स्थलमा भूमिगत जलको प्रभावकारी र दिगो हुने गरी उपयोग बढाउनु।

४. कार्यक्रम सञ्चालनः- (१) यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधि अनुरुप साना सिंचाई व्यवस्थापन/भूमिगत सिंचाई/स्यालो ट्युववेल/ट्युववेल/सोलार (सौर्य सिंचाई) प्रणाली जडान तथा सञ्चालन लक्षित सम्पूर्ण कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(२) बुँदा १ बमोजिमका कार्यक्रमहरुको आर्थिक सीमा स्वीकृत वार्षिक कार्यक्रममा निर्धारण भए बमोजिम र निर्धारण नभएको हकमा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६ (पहिलो संशोधन २०७७)" को अनुसूची-१ बमोजिम रहनेछ।

५. प्रस्ताव आह्वान तथा संकलनः (१) केन्द्रले कम्तिमा १५ दिनको म्याद दिई अनुसूची -१ बमोजिमको ढाँचामा दैनिक पत्रिकामा सूचना प्रकाशन गरी आवेदकबाट अनुसूची-२ वा अनुसूची-३ (आवश्यकता अनुसार) आवेदन माग गर्नु पर्नेछ। प्रकाशन भएको सूचनाको जानकारी जिल्लास्थित सबै स्थानीय तह तथा निर्देशनालयमा समेत पठाउनुपर्नेछ। सूचना तथा प्रस्तावको ढाँचा केन्द्रको वेबसइटमा समेत राख्नुपर्नेछ।

(२) उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा सात (७) दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ र उक्त म्यादभित्र समेत गरी जे जति सँख्यामा आवेदन संकलन भएतापनि सो लाई नै अन्तिम मानि कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन।

६. **अनुदानग्राहीको योग्यताः** (१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका आवेदकले कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्न सक्नेछन्।

(क) खाद्यान्न बालीको हकमा दुई विघा जग्गा भएको एकल कृषक परिवार। तर उखु, फलफुल, रैथाने, पुष्प, तरकारी बाली तथा मत्स्यको हकमा न्यूनतम एक विघा जग्गा भएको एकल कृषक परिवार।

(ख) एक भन्दा बढी कृषक परिवारहरुको जग्गा मिलाएर दुई विघा जग्गाको क्लष्टरमा सिंचाई गर्ने आपसी सहमति भएका उपभोक्ताहरु मध्येका एकजना कृषक।

(ग) कृषि सहकारी संस्था/कृषि उत्पादनमा संग्लन निजी फार्म/उद्यमीः प्रचलित कानुन अनुसार दर्ता भएका र लिजमा वा एकल स्वामित्वको कम्तीमा ४ (चार) विघा जग्गामा कृषि उत्पादन कार्यक्रम सञ्चालन गरेको।

(घ) स्यालो ट्युबवेल जडान सम्भाब्य नभएको क्षेत्रमा इनारको हकमा कम्तीमा ४ विघा जग्गामा सिंचाई सुविधा पुग्न सक्ने गरी एकल, सँस्थागत वा आपसी सहमति भएका उपभोक्ताहरु मध्येका एकजना कृषक (लिखित सम्झौता तथा जग्गाको प्रमाण पुर्जा लगायत अन्य कागजात अनिवार्य हुने र नक्शामा जग्गा तथा इनारको सामिप्यता देखु पर्ने)

(२) यस किसिमको अनुदान पाइसके पछि दुई आ.व. व्यतीत नभएको/झुठा विवरण पेश गर्ने/कुनै किसिमको पेश्की बेरुजु वा अनियमिततामा परेको/ केन्द्रमा खराब आचरण प्रस्तुत गरेका ब्यक्ती वा परिवारको आवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन।

७. **मूल्याङ्कन समिति र मूल्याङ्कनका आधारहरुः** (१) केन्द्रले प्राप्त आवेदनहरुको मूल्यांङ्कन तथा छनौट गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति गठन गर्नेछ ।

(क) केन्द्रले तोकेको अधिकृत - संयोजक

(ख) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अधिकृत प्रतिनिधि - सदस्य

(ग) कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राविधिक कर्मचारी - सदस्य-सचिव

(२) केन्द्रले मुल्याङ्कन समितिमा आवश्यकता अनुसार दुई जनासम्म आमन्त्रित सदस्य थप गर्न सक्नेछ ।

(३) मुल्यांकन समितीले मूल्यांकन गर्दा प्राप्त आवेदनहरुलाई तपसिल अनुसार अनुदानग्राहीको किसिम छुटयाउने छ।

(क) ३ वा ४ इन्चसम्म वा कार्यक्रममा तोकिएको ब्यासको स्यालो ट्यूवेल जडान मात्र,

(ख) ३ वा ४ इन्चसम्म वा कार्यक्रममा तोकिएको ब्यासको स्यालो ट्यूवेल जडान तथा समरसिबल वा सरफेश पम्प (विद्युतिय वा सोलार),

(ग) पुरानै जलस्रोत संरचनाबाट जल उपयोग गर्न समरसिबल वा सरफेश पम्प (विद्युतिय वा सोलार),

(घ) इनारबाट/सोलार प्रणाली बाट सिंचाई।

(४) आवेदन फारममा आवेदकबाट लागत सहभागीता उल्लेख भएको आवेदनहरुको सहभागीता हुने अंकको आधारमा वर्गीकरण गरी छुटयाउने र बढी लागत सहभागीता उल्लेख भएका आवेदनहरुको

मूल्याङ्कन तथा छनौट पहिले गरी बचत हुने स्थानमा मात्र क्रमशः सहभागीता प्रतिशतको आधारमा मूल्याङ्कन तथा छनौट गर्नु पर्नेछ।

(५) बुँदा नं ३ अनुसार वर्गीकरणको आधारमा माग निवेदन सँख्या यकिन गरी केन्द्रको स्विकृत वार्षिक बजेटको अधिनमा रहि सम्भव भएसम्म हरेक किसिमको अनुदानग्राहि समावेश हुने गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(६) मुल्याङ्कित अंक बराबर भएको अवस्थामा क्रमशः सिंचाई हुने क्षेत्रफल, जल उपयोग प्रभावकारिता र आवेदकको समाजिक तथा आर्थिक अवस्था, अन्य सुविधा पाए/नपाएको आधारमा प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

(७) मूल्याङ्कन समितीले मूल्याङ्कनको आधारमा छनौट सूची तयार गर्नेछ र समितीबाट पेश भएको छनौट सूची केन्द्रको प्रमुखले स्वीकृत गरेपछि सो सूची प्रकाशन गर्नुपर्नेछ।

८. **आपूर्तिकर्ता छनौट सम्बन्धी व्यवस्थाः** (१) सिभिल वा कृषि इन्जिनियर/ओभरसियर/सव-ओभरसियर वा साना सिंचाई सम्बन्धी तालिम प्राप्त कृषि प्राविधिकबाट स्यालो ट्युववेल जडान/इनार निर्माण/सोलर प्रणाली सम्बन्धी प्राविधिक स्पेसिफिकेशन तयार गर्नुपर्नेछ र सो प्राविधिक स्पेसिफिकेशन लाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार लागत अनुमान तयार गरी सम्बन्धित केन्द्र प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) केन्द्रले बुँदा (१) बमोजिमको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरे पश्चात आपुर्तीकर्ता छनौटका लागी सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद अनुसार सुचना प्रकाशन गर्नु पर्नेछ।

(३) त्यसरी प्राप्त भएको आपुर्तीकर्ताको आवेदनलाई नियमानुसार मूल्याङ्कन गरि केन्द्रले तयार गरेको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमानको आधारमा लागत अनुमान वा सो भन्दा कम दररेट पेश गरेका आपुर्तीकर्ताहरुको मूल्याङ्कन गरि सुचि तयार गर्नुपर्नेछ । सुचितकृत भएका आपुर्तिकर्ताले पेश गरेका दररेटको औसत निकालि सो औसत दरको सबैभन्दा नजिक रहेको दररेट लाई अनुदानको लागि आधार दररेट तोक्नुपर्नेछ।सो आधार दररेट भन्दा माथि दररेट भएका आपुर्तिकर्ताबाट अनुदानग्राहिले खरिद गरेको खण्डमा आधारदररेटकै आधारमा अनुदानको रकम भुक्तानि गरिनेछ,तर आधारदररेट भन्दा कम दररेट भएको आपुर्तिकर्ताबाट खरिद गर्दा आपुर्तिकर्ताले पेश गरेकै दररेटको आधारमा अनुदान रकम भुक्तानि हुनेछ।

(४) आपूर्तिकर्ताले बोलपत्र जमानत तथा कार्य सम्पन्न जमानत सार्वजनिक खरिद ऐन तथा नियमावलीनुसार पेश गर्नु पर्नेछ ।

९. **सम्झौताः** (१) छनौट सूचीमा समावेश भएका अनुदानग्राहीले कार्य सञ्चालनको लागी केन्द्रसँग अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) केन्द्रले साना सिंचाई जडान तथा सञ्चालन कार्यको लागी सूचिकृत भई छनौट भएका आपूर्तिकर्ताहरुको सूची दररेट,ठेगाना अनुदानग्राहीलाई उपलब्ध गराउनुपर्नेछ र उक्त सूचि मध्येबाट अनुदानग्राहीले आफनो स्वेच्छाले रुचाएको आपूर्तिकर्ताबाट कार्य सञ्चालन तथा आवश्यक सामग्री खरिद गर्न

सक्नेछ र सम्झौता अनुसार कृषक दायित्वको रकम आफै भुक्तानी गर्नुपर्नेछ। कार्यको पारदर्शिता तथा लागत जवाफदेहिताको लागी केन्द्रले कार्यक्रमको चरणवद्ध रुपमा क्रमशः अनुगमन गरी कार्य आदेश/जडान आदेश/सामग्री आपूर्ती वा अन्य उपयुक्त आदेश जारी गर्नेछ।

(३) यस कार्यक्रम अन्तरगत अनुदानग्राहीले स्वेच्छाले खरिद गरेको सेवा/सामग्री वापतको तोकिए बमोजिमको साझेदारी रकम अनुदानग्राहीवाटै प्राप्त गर्ने दायित्व आपूर्तिकर्ताको हुनेछ।

(४) आपूर्तिकर्ताले सम्झौता बमोजिमको समय सिमा भित्र गुणस्तरीय कार्य सम्पादन गर्नु पर्नेछ। कार्य सम्पन्न भएपछि मात्र केन्द्रले अनुदान वापतको रकम भुक्तानी दिनेछ।

१०. **जडान कार्य सम्पादन प्रतिबेदन:** (१) आपूर्तिकर्ताले जडान कार्य सम्पन्न भएको जानकारी गराएपछि केन्द्रले उक्त कार्यको निरीक्षण गराई कार्य सम्पन्न प्रतिबेदन लिनु पर्नेछ।

११. **भुक्तानी प्रक्रिया:** (१) सुचिकृत भएका आपुर्तिकर्ता बाट अनुदानग्राहिले आफुले रोजेको आपुर्तिकर्ताबाट यन्त्र उपकरण खरिद गरि जडान कार्य सम्पन्न गर्नुपर्नेछ र सो पश्चात केन्द्रले जडान कार्यको जाचबुझ गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेछ। अनुदानग्राहिले कार्य सम्पन्न प्रतिवेदन,बिल भर्पाइ लगायत केन्द्रले तोकेको अन्य विवरण सहित अनुदान वापतको रकम भुक्तानी माग गर्दा केन्द्रले नियमनुसार हुने अनुदान बापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिन सक्नेछ।

(२) केन्द्रले जडान/निर्माण भएको स्यालोटयुबवेल/इनार/सोलार प्रणालीको जि. पि. एस. कोडको अभिलेख राख्नु पर्नेछ।

१२. **अनुगमन र नियमनः** मन्त्रालय र निर्देशनालयले सम्पादित कार्यक्रमहरुको सुपरीवेक्षण तथा अनुगमन गर्न सक्नेछ।

१३. **संशोधन गर्न सक्ने:** मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा संशोधन गर्न सक्नेछ।

१४. **खारेजी तथा बचाउ:** (१) "भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८२" खारेज गरिएको छ।

(२) "भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८२" बमोजिम भए गरेका काम कारबाही यसै बमोजिम भए गरेको मानिनेछ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची – १

बुँदा ५ (१) सँग सम्बन्धित

## भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/....../......

यस कृषि ज्ञान केन्द्र,........................................., को चालु आ. व. ०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ...................................................................................................................................................... कार्यक्रम रहेको हुँदा सो कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र(१५) दिन भित्र तपसिल बमोजिमको कागजात सहित अनुसूची-२ बमोजिम निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि केन्द्रको वेबसाइट वा सूचना पाटीमा हेर्न सकिनेछ।

तपसिलः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि,

३. पेश गरेको जग्गाधनी लालपुर्जाको हालको मालपोत तिरेको रसिदको प्रतिलिपि,

४. स्थानीय तह वा वडा केन्द्र वा कृषि शाखाको सिफारिस,

५. सहकारी/संस्था/समूह/फर्मको हकमा पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि,

६. अन्य आवश्यक कागजातहरु।

डा. संजय कुमार यादव
प्रदेश सचिव

## अनुसूची – २

### बुँदा ५(१) सँग सम्बन्धित

### भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागि आवेदकले पेश गर्ने निवेदन

मितिः ..........................

श्रीमान् प्रमुख ज्यू

..............................।

**विषय : निवेदन पेश गरिएको सम्बन्धमा**

प्रस्तुत विषयमा तँहा केन्द्रबाट मिति २०८३/..../.... मा प्रकाशित सूचना अनुसार ...................................................कार्यक्रम सञ्चालनका लागि म/हामीलाई आवश्यक पर्ने सिंचाई प्रणालीको आवश्यक कागजातहरु सहित नियमानुसार अनुदान सहयोग पाउनको लागि तपसिल अनुसारका कागजातहरु सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि

३. पेश गरेको जग्गाधनी लालपुर्जाको हालको मालपोत तिरेको रसिदको प्रतिलिपि

४. स्थानीय तह वा वडा केन्द्र वा कृषि शाखाको सिफारिस

५. अनुसूची-३ बमोजिमको प्रस्ताव (कल्टरमा सिंचाई गर्ने उपभोक्त का लागि)

६. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि (सहकारी/फर्मको हकमा)

**क) आवश्यक पर्ने सिंचाई प्रणाली (कुनै एकमा चिन्ह लगाउनुहोस् )**

**१. ३(तिन) इन्च ब्यासको हकमा**

क) स्यालो ट्यूवेल जडान मात्र
ख) स्यालो ट्यूवेल तथा समरसिबल पम्प
ग) स्यालो ट्यूवेल तथा सरफेश पम्प
घ) स्यालो ट्यूवेल तथा विद्युतिय मोटर सेट

**२. ४(चार) इन्च ब्यासको हकमा**

क) स्यालो ट्यूवेल जडान मात्र
ख) स्यालो ट्यूवेल तथा समरसिबल पम्प
ग) स्यालो ट्यूवेल तथा सरफेश पम्प
घ) स्यालो ट्यूवेल तथा विद्युतिय मोटर सेट

**३. पुरानै जलस्रोत संरचनाको हकमा**

क) विद्युतिय मोटर सेट
ख) समरसिबल पम्प
ग) सरफेश पम्प

**४. इनार**

**५. सोलार प्रणाली**

ख) लागत साझेदारी (%):-

ग) सिंचाई हुने मुख्य बाली र अनुमानित क्षेत्रफलः-

घ) अन्य बैकल्पिक सिंचाईसँगको दुरीः-

__पुनश्चः__ *यो निवेदन केन्द्रले रुजु गरी मात्र दर्ता गर्नुपर्नेछ।*

उपर्युक्त बमोजिमको विवरण सत्य साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदकको:
हस्ताक्षर ..........................
नाम, थरः
ठेगानाः
सम्पर्क नं.
संस्थाको छाप:-

## अनुसूची – ३

बुँदा ५(१) सँग सम्बन्धित

## भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम अन्तर्गत कल्ष्टरमा सिंचाई गर्ने उपभोक्तका लागि

### जल उपभोक्ता सम्बन्धी विवरण:

आवेदक व्यक्ति वा निजको एकासगोल परिवारको निजी जग्गा कार्यक्रम सञ्चालनका लागि आवश्यक न्युनतम जग्गा नपुगेको खण्डमा लिजमा लिएको मञ्जुरीनामा सहितको जग्गा वा एक भन्दा बढी कृषक परिवारको सहमतिमा कलस्टरमा सिँचाई सुविधा प्राप्त गर्ने कृषक परिवारको जग्गाको विवरण उल्लेख गर्ने। उल्लेख भएका जग्गाको जग्गा धनी प्रमाण पुर्जाको स्पष्ट फोटोकपी पेश गर्नु पर्ने साथै एकासगोल परिवारको अलावा अन्यको जग्गा पेश गरेको भए निजको मञ्जुरीनामा वा यस फर्ममा निजको सहमति रहेको हस्ताक्षर अनिवार्य गराउनु पर्ने छ। जग्गा धनी प्रमाण पुर्जाको स्पष्ट फोटोकपी सम्बन्धित जग्गाधनी र निवेदक आफैले प्रमाणित गरि पेश गर्नु पर्नेछ।

| क्रसं. | जग्गा धनीको नाम | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | नाता | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

उपर्युक्त बमोजिमको विवरण सत्य सांचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदकको:

हस्ताक्षर ............................

नाम, थर:

सम्पर्क नं.

संस्थाको छापः-

मधेश प्रदेश सरकार, भूमि व्यवस्था, कृषि ...

# अनुसूची – ४

## बुँदा ९ सँग सम्बन्धित

## सम्झौता पत्र

कृषि ज्ञान केन्द्र, ..................... (यसपछि"पहिलो पक्ष/केन्द्र"भनिने) को आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ........................................................................................................................ कार्यक्रम सञ्चालन गर्न जिल्ला .................., ........................................बस्ने कृषक ....................................................(यसपछि "दोस्रो पक्ष" भनिने) भूमिगत सिँचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०८३ तथा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि (पहिलो संशोधन) २०७७ बमोजिम छनौटमा परेकोले पहिलो पक्ष बाट स्वीकृत एस्टिमेट बमोजिम कार्यक्रम सञ्चालंन गर्न अनुमति दिईएकोले तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही दोस्रो पक्षले तोकिएको समय भित्र कार्य प्रारम्भ र सम्पन्न गर्न सहमत भई पहिलो र दोस्रो पक्ष बिच साक्षीहरुको रोहवरमा यस सम्झौतापत्रमा सहि छाप गरी एक-एक प्रति लियौं/दियौं।

तपसिलः

१. पहिलो पक्षबाट स्वीकृत लागत एस्टिमेट र प्राप्त हुने आवश्यक प्राविधिक सरसल्लाह एवं सुझाव अनुसार दोस्रो पक्षले कार्य योजनाअनुसार कार्यक्रम/कार्यहरु मिति २०८३/....../....... देखि प्रारम्भ गरी मिति २०८३/....../...... गते भित्र सम्पन्न गरि सक्नु पर्नेछ। सो मिति भित्र काम सम्पन्न नगरेमा अनुदान भुक्तानी दिन केन्द्र बाध्य हुने छैन।

२. स्यालो टयुबवेल/सोलार सिंचाई प्रणाली जडानको लागि इष्टिमेट अनुसारको कुल स्वीकृत रकम रु. ............../- मध्ये १५ प्रतिशतले हुन आउने रकम रु. ........................ दोस्रो पक्षले व्योहोर्नु पर्ने छ।

३. दोस्रो पक्षले अनुदानमा जडान भएको स्यालो टयुववेल/ सोलार सिंचाई प्रणालीबाट आवश्यक्ता तथा माग अनुसार अन्य कृषकलाई समेत उपयोग गर्न दिनु पर्ने छ। अन्य कृषकलाई उपयोग गर्न नदिएको, निजी बोरिङ्ग सरह प्रयोग गर्ने गरेको जस्ता गुनासो आएमा केन्द्रले भुक्तानी दिएको अनुदान रकम फिर्ता गर्ने प्रक्रिया अपनाउन सक्ने छ।

४. दोस्रो पक्षले कम्तीमा ३ वर्ष सम्म अनुदानमा जडान भएको स्यालो टयुबवेल तथा मोटरको सुरक्षा,संरक्षण तथा मर्मतको व्यवस्था मिलाउनु पर्ने छ। साथै प्रथम पक्ष वा अन्य केन्द्र, मन्त्रालयबाट भएको अनुगमनको क्रममा देखाउनु पर्ने छ अन्यथा प्राप्त गरेको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ।

५. दोस्रो पक्षले तोकिएको समय भित्र स्यालो टयुववेल जडान गरी निरिक्षण/अनुगमनका लागि निवेदन/अनुरोध दिए/गरे पश्चात पहिलो पक्षबाट सो कार्यको अनुगमन, नाप जाँच तथा कार्य सम्पन्न प्रतिवेदन तयारी लगायतका सम्पूर्ण प्रकृया पुरा गरि मात्र दोस्रो पक्षको खातामा वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

६. दोस्रो पक्षले स्यालो टयुबवेल जडानका लागि आवश्यक यन्त्र उपकरणहरु आपुर्ति गर्न यस केन्द्रमा सुचीकृत भएका आपूर्तिकर्ताहरु मध्येबाट आफ्नो इच्छाअनुसार (रोजेर) स्यालो टयुबवेल जडानका लागि आवश्यक यन्त्र उकपरणहरु (सामग्री तथा जडान कार्य) खरिद गर्नुपर्नेछ तर अनुदान रकम न्यूनतम दररेटलाई आधार मानी कायम गरिनेछ र सोही बमोजिमको अनुदान रकम मात्र भुक्तानी हुनेछ।

७. यस सम्झौतामा उल्लेख भएका शर्तशरु यसै बमोजिम र बाँकी कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ।

८. .........................................(केन्द्रले आवध्यकता अनुसार थप गर्न सक्नेछ)

**प्रथम पक्ष**

हस्ताक्षरः ..................

नामः

पदः

केन्द्रः

**दोस्रो पक्ष**

हस्ताक्षरः...................

नामः

ठेगानाः

मोवाईल नं.

ना.प्र.नः

दर्ता नं.

(रेखात्मक)

| दायाँ | वायाँ |
|---|---|
| | |

कार्यालयको छापः

रोहवरः

१. ..............................................................

२. ..............................................................................